स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



शिष्ट तथा भलादमी अभिनेत्रीको छवि बनाएकी शिल्पा मास्केले सार्वजनिक फिल्म 'परस्त्री'को ट्रेलरमा 'सरप्राइज' दिइन् । हुन त यसअघि सार्वजनिक पोस्टरले नै त्यसको संकेत गरेको थियो । ट्रेलरमा उनको केही 'बोल्ड सिन' समावेश छन्, जुन उनका लागि नयाँ प्रयोग हो । ट्रेलर हेर्दा फिल्मले उनको छवि बदल्न सक्ने लक्षण देखाउँछ । यो उनका लागि अवसर र चुनौती दुवै हो । ट्रेलर रिलिजपछि उनको 'बोल्ड सिन'लाई लिएर विभिन्न टिका-टिप्पणी हुन थालेको छ ।

आजको विचार...



द्वैध...
(दुई पेजमा)

डा.शान्तिकृष्ण अधिकारी

शोभित बस्नेतको निर्देशनमा बनेको फिल्म 'बद्री बहादुर' आगामी असार २९ गतेबाट प्रदर्शनमा आउने भएको छ । शुक्रबार प्रदर्शन मिति घोषणा गर्दै सार्वजनिक गरिएको दुईटा पोस्टरमा बस्नेत परिवारको दुई पुस्ता देख्न सकिन्छ । एउटामा सलोन बस्नेतलाई पिता शोभित बस्नेत र काका जयकिशन बस्नेतले बोकेका छन् भने अर्कोमा तीनै जना काँधमा काँध मिलाएर हर्षित भावमा प्रस्तुत छन् । पूजा शर्मा, छुल्ठिम गुरुङ र राजीवजंग बस्नेतलाई पनि पोस्टरमा स्थान दिइएको छ । पूजा र सलोन भने फिल्ममा विशेष भूमिकामा छन् ।



❑ वर्ष २८ ❑ अंक ३१२ ❑ २०८० जेठ २७ गते शनिबार 10 June 2023, Saturday ❑ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## सक्षिप्त समाचार

### पूर्व वडाध्यक्षको मृत्यु

**गल्याङ,** जेठ २६/कालीगण्डकी करिडोर निर्माणका क्रममा स्याङ्जाको गल्याङ नगरपालिका-५ का पूर्व वडाध्यक्षको मृत्यु भएको छ । स्यालबास निवासी ५५ वर्षीय विष्णुबहादुर क्षेत्रीको ट्याक्टरमा गिट्टी बालुवा लोड गर्ने क्रममा जेसिबीको स्टेप्लाइजरले च्यापिएर गम्भीर घाइते भएका थिए ।

उनको उपचारका क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय स्याङ्जाका सूचना अधिकारी प्रहरी नायव उपरीक्षक रवीन्द्र खनालले जानकारी दिए । कालीगण्डकी करिडोरको सेतीबेनी-मिर्मी सडक खण्डअन्तर्गत गल्याङ -५ जोगिमारास्थित ठूलोखोलामा शुक्रबार बिहान सो दुर्घटना भएको उनले जानकारी दिए । घाइते क्षेत्रीको मिर्मीस्थित कालीगण्डकी अस्पतालमा उपचारका क्रममा निधन भएको हो । क्षेत्री २०७४ सालको स्थानीय तहको निर्वाचनमा गल्याङ -५ को वडाध्यक्षमा निर्वाचित भएका थिए ।-रासस

## लुम्बिनी सरकारको नीति तथा कार्यक्रम

# कृषि र रोजगारलाई प्राथमिकता

**रामचन्द्र रायमाझी**

**पाल्पा,** जेठ २६/लुम्बिनी प्रदेश सरकारले आगामी आव २०८०/०८१ को नीति तथा कार्यक्रम सार्वजनिक गरेको छ । प्रदेश प्रमुख अमिक शेरचनले शुक्रबारको बैठकमा प्रदेश सरकारको तर्फबाट नीति तथा कार्यक्रम सार्वजनिक गरेका हुन् ।


नीति तथा कार्यक्रममा अघिल्लो सरकारले ल्याएका अधिकांस कार्यक्रमलाई निरन्तरता दिदै कृषि र रोजगारका योजनाहरुलाई प्राथमिकतामा राखिएको छ । प्रदेश सरकारले यस पटकको नीति तथा कार्यक्रममा कृषि क्षेत्रको व्यावसायिक प्रवर्द्धन र बजारीकरण गर्दै रोजगारी सिर्जना गर्ने कुरालाई केन्द्रीत गरेको छ । रोजगारी सिर्जना गर्ने उद्योग र पर्यटन क्षेत्रलाई





पनि सरकारले प्राथमिकता दिएको छ । कृषि प्रवर्द्धनका लागि सघन व्यवसायिक उत्पादन क्षेत्र विकास कार्यक्रम सञ्चालन गर्ने त्यसका लागि विभिन्न जिल्लालाई जिल्लागत खेती प्रवर्द्धन गर्ने कार्यक्रममा उल्लेख छ । प्रदेश सरकारले नवलपरासीमा मकै, आलु, रुपन्देही र दाङमा तोरी र तरकारी, कपिलवस्तुमा मसिनो धान र आँप, बाँकेमा मसुरो र आँप, बर्दियामा तोरी र मसुरो, पाल्पा, अर्घाखाँची, गुल्मी, प्यूठानमा सुन्तलाजात फलफूल र तकारी, रोल्पा र रुकुम पूर्वमा स्याउ र वर्षे आलु प्रवर्द्धन गर्ने लक्ष्य लिएको छ । यस्तै अचार, गुन्द्रुक, मस्यौरा, भागो, टिमुरको छोप, खुवा, पेडा, छुर्पी महुवा र कोदोका परिकार लगायतका वस्तु उत्पादन गर्न साना प्रशोधन उद्योग स्थापना गरी स्थानीयस्तरमा रोजगारी सिर्जना गर्ने पनि नीति तथा कार्यक्रममा उल्लेख छ । विभिन्न जिल्लामा सफल देखिएका उत्पादन र बजार प्रणाली पहिचान गरी कृषकबाट कृषकसम्म प्रविधि तथा कार्यक्रम विस्तार गर्ने पनि सरकारको लक्ष्य छ । कृषि र कृषकलाई प्रवर्द्धन गर्न प्रतिफलमा आधारित अनुदानलाई प्रदेश सरकारले यस पटक पनि निरन्तरता दिएको छ । प्रदेशमा माछाको उपलब्धता वृद्धि गर्न ३५ हेक्टर क्षेत्रफलमा कृतिम जलाशय विस्तार स्थानीय सरकारको समन्वयमा बर्दिया दाङ कपिलवस्तु, नवलपरासी र रुपन्देहीमा एक सय हेक्टर क्षेत्रफलमा प्राकृतिक जलाशयको संरक्षण तथा उपयोगका कार्यक्रम सञ्चालन गरिने छ । सरकारले प्रदेशवासीको आवश्यकता बमोजिम सिप तथा क्षमता विकास, रोजगारी सिर्जना, आयआर्जनमा वृद्धि गर्दै जिवनस्तरमा दिगो सुधार एवं उत्पादन र उत्पादकत्व वृद्धिको माध्यमबाट आत्मनिर्भर, समृद्ध र समुन्नत प्रदेश बनाउन रणनीतिक प्राथमिकता केन्द्रित हुने गरी कार्यक्रम सञ्चालन गरिने नीति कार्यक्रम बनाएको छ । घरदैलोमा प्राविधिक सेवा:उत्पादनमा टेवा भन्ने नारासहित कृषि प्रचार सेवाको पहुँच गाउँसम्म पुऱ्याउने पनि सरकारको लक्ष्य छ । तीनै तहको समन्वयमा खाद्य सुरक्षाको जोखिममा रहेका घरपरिवारको पहिचान गरी जोखिम व्यवस्थापन सञ्चालन गर्ने नीति पनि सरकारले अघि सारेको छ । सरकारले रोजगारी प्रवर्द्धनका लागि 'श्रमको सम्मान : लुम्बिनी प्रदेशको अभियान' नारा अघि सार्दै प्रदेशलाई श्रममैत्री बनाउन श्रम तथा रोजगार रणनीतिक योजना तर्जुमा गर्ने सरकारको लक्ष्य छ । सरकारले मुख्यमन्त्री आर्थिक विकास कार्यक्रम पनि अघि सारेको छ । यसअघिको सरकारले मुख्यमन्त्री शैक्षिक विकास कार्यक्रम ल्याएको थियो । मुख्यमन्त्री आर्थिक विकास कार्यक्रममार्फत बेरोजगार युवाशक्तिलाई बजार माग र रुचि अनुरुपको सिपमूलक तालिम प्रदान गर्दै उद्यमशिलताको विकासमार्फत रोजगारी तथा स्वरोजगारी सिर्जना गर्ने सरकारको लक्ष्य छ । संघ, स्थानीय तह, नीजि क्षेत्र, सहकारी र विकास साझेदारसँगको साझेदारीमा आगामी २ वर्षमा २ लाख उत्पादनशील रोजगारीका अवसर सिर्जना हुने गरी प्रदेशका ९ सय ८३ वटै वडामा सामाजिक परिचालन गर्ने नीति कार्यक्रम सरकारले सार्वजनिक गरेको छ । -बाँकी अन्तिम पेजमा

## एकल लोकगीतको फाइनल अडिसन आज हुँदै





**पाल्पा,** जेठ २६/एकल लोकगीत प्रतियोगिताको फाइनल अडिसन आज तानसेनमा हुँदै छ । राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान पाल्पाले लुम्बिनी प्रदेशस्तरी एकल लोकगीत प्रतियोगिताको फाइनल अडिसन आज गर्न लागेको हो ।

खुला डिजिटल अडिसनको पहिलो चरणमा छनोट भएका १० जना प्रतियोगीहरुबिच प्रतिस्पर्धा गराउन लागिएको प्रतिष्ठान पाल्पाका अध्यक्ष कमल भट्टराईले बताए । उनका अनुसार दोस्रो चरणको अडिसनमा करिश्मा मगर, अमृत राना मगर, संगीता भुसाल, आशा सिंजाली, रुपा नेपाली, तुल्सा गाहा, सन्तोष पृथी, गुप्त गैरे, अपेक्षा तिमिल्सिना र पुजा दर्लामीबिच प्रतिस्पर्धा हुँदैछ । दोस्रो अडिसनबाट छनोट हुने दुई जना प्रतियोगीहरुलाई प्रदेशस्तरीय प्रतियोगीतामा पठाइने प्रतिष्ठानका अध्यक्ष भट्टराईले बताए । असार ७ गते प्रदेशस्तरीय प्रतियोगिता हुँदै छ । जिल्लाबाट छनोट भएका दुई जना प्रतियोगीहरुले प्रदेशस्तरी प्रतियोगितामा भाग लिने प्रतिष्ठान लुम्बिनी प्रदेशकी सचिव रेखा विष्टले बताईन् । लोक सस्कृतिको जर्गेना गर्ने उद्देश्यले प्रतिष्ठान लुम्बिनी प्रदेशको आयोजना र सम्पूर्ण जिल्ला शाखाहरुको सह-आयोजनामा प्रतियोगिता हुन लागेको सचिव विष्टले बताइन् । उनका अनुसार प्रतियोगितामा प्रथम हुनेले नगद ५१ हजार १ सय ११, दोस्रो हुनेले ३१ हजार १ सय ११ र तेस्रो हुने २१ हजार १ सय ११ सहित मेडल र प्रमाण पत्र पाउनेछन् ।

## पाल्पाका सामुदायिक विद्यालयमा कार्यरत कर्मचारी आन्दोलनमा

**कृष्ण पोखरेल**

**पाल्पा,** जेठ २६/जिल्लाका सामुदायिक विद्यालयमा कार्यरत कर्मचारी आन्दोलनमा उत्रिएका छन् । सरकारले आर्थिक वर्ष २०८०/०८१ को बजेटमा विद्यालयका कर्मचारीको सेवा सुविधा लगायतका विषयमा सम्बोधन नगरेको भन्दै विद्यालयका कर्मचारी जेठ २० गतेदेखि कामकाज रोकेर आन्दोलनमा उत्रिएका हुन् ।

विद्यालय कर्मचारी परिषदको आह्वानमा यहाँका कर्मचारीहरुले प्रधानाध्यापकलाई चाबी हस्तान्तरण गरी २५ गतेसम्म शिक्षा विकास तथा समन्वय इकाई पाल्पाको गेटमा धर्ना बस्दै आए । ५ दिन धर्नामा बस्दा समेत कतैबाट माग सुनुवाई नभएपछि जेठ २६ गते शुक्रबार कर्मचारीहरुले नारा जुलुस गर्दै तानसेन बजार परिक्रमा गरे । जिल्लाका ५ सय ३५ जना कर्मचारीहरु विद्यालयका प्रधानाध्यापकलाई चाबी बुझाएर कामकाज रोकी धर्ना र आन्दोलनमा उत्रिएका हुन् । विद्यालय कर्मचारीहरुले विद्यालयमा कार्यरत कर्मचारी तथा सहायक लेखापालहरुको





मासिक तलव ३४ हजार ७ सय ३० हुनुपर्ने र विद्यालय सहयोगीको मासिक २४ हजार २ सय १० तलब कायम गर्नुपर्ने मुख्य माग राखेका छन् । अहिले विद्यालयका लेखापालले मासिक १३ हजार ५ सय र कार्यालय सहयोगीले ८ हजार तलव पाउँदै आएका छन् ।

सरकारी विद्यालयमा कार्यरत विद्यालयका कर्मचारीहरूलाई दरबन्दीमा समायोजन गरी स्थायी गरिनुपर्ने, विद्यालय कर्मचारीहरूलाई तत्काल पूर्ण सेवा सुविधाको ग्यारेन्टी गर्नुपर्ने, संघीय शिक्षा ऐन जारी हुँदाका बखतसम्म अविच्छिन्न सेवामा कार्यरत विद्यालय कर्मचारीहरूलाई एक पटकका लागि उमेर हद नलागने प्रबन्ध गर्नुपर्ने, ६० वर्ष उमेर पुगेका कर्मचारीहरूलाई प्रचलित कानुन बमोजिम शिक्षक सरहको सेवा सुविधा उपलब्ध गराई स-सम्मान अवकाशको व्यवस्था गर्नुपर्ने, विद्यालय कर्मचारीलाई उच्च शिक्षा अध्ययनका लागि बिदा, सन्तति वृत्ति आदिको प्रबन्ध गरिनुपर्ने माग उनीहरुका छन् । यस अघि २०७९ भदौमा विद्यालय कर्मचारीहरुको आन्दोलनमा शिक्षा मन्त्रालयबिच भएको वार्तामा माग पुरा गर्ने आश्वासन पाएका कर्मचारीहरुले ९ महिना वितिसक्दा र नयाँ बजेटमा कुनै सम्बोधन नभएपछि बाध्य भएर आन्दोलनमा उत्रिनु परेको आन्दोलनका संयोजक युवराज पौड्यालले बताए।

अहिलेसम्म आफ्ना मागहरु सम्बोधन नभएपछि जिल्लामा केन्द्रित रहेको आन्दोलन काठमाडौं केन्द्रित गर्न लागिएको परिषद पाल्पाका अध्यक्ष श्रीधर प्रसाद पाण्डेले जानकारी दिए । उनले भने 'विद्यालयका कर्मचारीहरुले जेठ २८ गते माइतीघर मण्डलादेखि नयाँ बानेश्वरमा खाली थाल ठटाउँदै आन्दोलन गर्ने, २९ गतेदेखि असार ३ गतेसम्म माइतीघर मण्डलामा अनसन बस्ने र सो समयसम्म पनि माग सम्बोधन नभएमा अनिश्चितकालीन विद्यालय बन्द गर्ने जस्ता कार्यक्रम तय गरिएको छ ।' जिल्लाका पेसागत संघसंस्थाका प्रमुख तथा प्रतिनिधिहरुले भने विद्यालय बन्द गरेर आन्दोलनमा नउत्रिन आग्रह गरेका छन् । पठनपाठन ठप्प हुनेगरी आन्दोलनका कार्यक्रम गर्न नहुने उनीहरुले सुझाव दिएका हुन् । पेसागत महासंघका अध्यक्ष दिवाकर अर्यालले जायज मागहरुप्रति आफ्नो समर्थन रहेको तर विद्यालय नै बन्द गर्ने विषय गलत हुने बताए ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## सरकार भएको अनुभूति देऊ

यतिबेला नेपालीको भान्सा महँगो भएको छ । सरकारले आर्थिक वर्ष २०८०/८१ को बजेटमार्फत स्वदेशी उत्पादनलाई संरक्षण गर्न तरकारी, फलफूल तथा केही मासुजन्य वस्तुमा मूल्य अभिवृद्धि कर (भ्याट) लगाएपछि उपभोक्ताको भान्सा अत्यधिक महँगिएको छ । बजेट भाषणपछि तरकारी तथा फलफूलको मूल्यमा ४० प्रतिशतसम्म मूल्यवृद्धि भएको छ । यसले सामान्य नागारिकका लागि ठूलो मारमा पारेको छ । तरकारी एवं फलफूलमा आत्मनिर्भर भइसकेको बेला तरकारीजन्य वस्तुमा कर बढाउनु भनेको सर्वसाधारणको जीवनशैली थप महँगो बनाउनु नै हो । हुने खानेलाई त खासै समस्या नहोला तर ज्याला मजदुरी गरी जीवीकोपार्जन गर्दै आएका र सामान्य जागिर खानेको जीवन थप कष्टकर बन्दै गएको छ । भान्सामा दैनिक प्रयोग हुने आलु, प्याज, गोलभेडा जस्ता तरकारी विदेशबाटै आयात हुन्छ । बेला मौकामा नेपालका तरकारी उत्पादकले विदेशी तरकारीका कारण आफ्नो तरकारी बिक्री नभएको गुनासो गर्दै प्रदर्शन समेत गरेकाले सरकारलाई लागेको होला अब नेपाली किसानले राहत पाउछन् । तर, सरकारको नीति नेपाली किसानलाई आत्मनिर्भर बनाउनेमा केन्द्रित भएको देखिँदैन ।

बजारमा मूल्य वृद्धि हुनु नै महँगी बढ्नु हो । सरकार आफैं अर्थतन्त्रप्रति त्यति गम्भीर छैन । त्यसमाथि आमनागरिकको दैनिन्दिन चुलोमा नै नकारात्मक असर पर्ने भएपछि सरकारको असफलता झल्किन्छ । मूल्यवृद्धि नियन्त्रण गर्नेतर्फ सरकार वा सम्बन्धित निकायले कुनै सक्रियता नदेखाउनु आफैमा दुःखद् र चिन्ताको विषय हो । बिहान–बेलुकै भान्सामा प्रयोग हुने खाद्यवस्तुदेखि पेट्रोलियम पदार्थसम्ममा भइरहेको मूल्यवृद्धिले सर्वसाधारण नागरिक मारमा छन् । हरवस्तुको मूल्य अचाक्ली हुँदा दैनिक ज्यालादारी गरेर जीविकोपार्जन गर्ने वर्गलाई जीवन धान्न मुस्किल पर्न थालेको छ । यसरी आम नागरिकको भान्सामा महँगी बढ्दै गएका बेला सरकार मुकदर्शक भएर बस्न कदापि मिल्दैन । एकले अर्कालाई दोषारोपण गर्नुभन्दा पनि मुलुकको आर्थिक अवस्थालाई मजबुत बनाउन सरकारले आफ्नो नीतिमा आमूल परिवर्तन ल्याउनुपर्ने थियो तर त्यो हुन सकेको देखिँदैन । सरकारले सत्ता टिकाउने खेलमा भन्दा पनि जनताको चाहना परिपूर्ति गर्नेतर्फ आफ्नो गन्तव्य बनाउनुको विकल्प देखिँदैन । सरकार जनताको अभिभावक हो । तसर्थ सरकार भएको अनुभूति दिलाउनका लागि भए पनि सरकारले महँगी नियन्त्रण गर्नेतर्फ ध्यान दिन जरुरी छ ।

## Opinion @ Social Network

कसैलाई दिने सबैभन्दा सुन्दर उपहार भनेको
उसको भावना बुझिदिनुको साथै उसलाई सम्मान दिनु हो ।
*(सुनिल श्रेष्ठको फेसबुक स्टाटस https://www.facebook.com/shunil.shrestha)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# द्वैध चरित्रले गाँजेको राजनीति



डा.शान्तिकृष्ण अधिकारी

*आजसम्म जति सरकारहरू गठन भए या फेरिए सबै पटकका प्रधानमन्त्रीको पहिलो बोली मेरो पहिलो भ्रमण भारतको हुनेछ भन्ने गरेको सुनिन्छ । निम्तो आए जाने नआए नजाने न हो र पनि निमन्त्रणा पाउनु कता छ कता प्रधानमन्त्रीहरू कुर्लने गर्दछन् । सबैको प्राथमिकतामा भारत भ्रमण भए पनि आफूमात्रै चोखो जस्तो गरी अर्कातिर औंला ठड्याउन पनि कोही पछि परेका देखिँदैनन् । चीन या अरू कुनै देशमा नेपालका प्रधानमन्त्रीले पहिलो पाइला टेक्नुलाई अपराध सरह व्याख्या गर्ने गरेको पाइन्छ । फेरि भारत गएर आजका मितिसम्म कसैले माखो मारेको छैन भन्दा पनि अत्युक्ति हुँदैन । गण्डकीको पानी नेपालीले उपयोग गर्न पाउने अवस्थामा कसले कति सुधार गरे र ? कोशी नदीको पानीले चाहिने बेलामा काम दिने र आवश्यकता भएतिर पर्याप्त उपयोग गर्न पाउने अवस्था छैन तर वर्षामा नेपालको खेतीयोग्य भूभाग जम्मै डुबाउँछ ।*

नेपालको राजनीति बुझिनसक्नुको छ भने राजनीतिक दलहहरूका नेता तथा नेतृत्वहरूले अचम्मलाग्दो चरित्र बोकेका छन् । उनीहरू आज के बोल्छन् र भोलि के गर्छन् भन्ने भेउ सितिमिति कुनै पनि राजनीतिक विश्लेषक या ज्योतिषीले अनुमान गर्न सक्दैनन् । आफ्नो दलका नेताले बोलेको कुरामा बुझेर या नबुझेर थपडी मार्नेहरूका लागि त यस्ता कुराहरूमा कुनै चासो रहने कुरा भएन तर दलको विश्वसनीयता, इतिहास र चरित्रलाई मापन गरेरमात्रै समर्थन या विरोध गर्दछु भन्नेहरूका निमित्त भने असल दलको परख गर्नु फलामको चिउरा चपाए सरह नै हुने गरेको छ । नेपाली कांग्रेस त केही वर्ष यतादेखि मौन छ । देशका निमित्त साह्रै नै फलदायी काम सम्पन्न हुँदा त्यसको समर्थनमा ताली बजाउने पनि गर्दैन र राष्ट्रघातका अत्यन्तै ठूला काण्डहरू घटे पनि यसबाट विरोधका स्वरहरू सुनिन छाडेको लामै समय भइसकेको छ । देशको व्यवस्था र नागरिकहरूको अवस्थामा तात्विक परिवर्तन ल्याउन पटक-पटक जनआन्दोलन गरेको यो दलले राष्ट्रिय मुद्दाहरूमा दृष्टिकोण प्रस्तुत गर्दै मुलुकका अन्य राजनीतिक दलहरूलाई आफ्नै वरिपरि घुमाउन सफल हुनुपर्नेमा आपसमै बाझाबाझ गरेर भएको साख पनि गुमाउँदै जान थालेको अवस्था छ । त्यसैले यो दलका बारेमा धेरै चर्चा परिचर्चाहरू गरिरहनुपर्ने आवश्यकता देखिँदैन ।

नेकपा एमालेमा छलफल चल्दैन । अध्यक्षज्यूको जो विचार त्यही नै पार्टीको निर्णय हुने गरेको अनुभव सर्वसाधारणले गर्ने गरेका छन् यद्यपि पार्टीभित्र के हुने गरेको छ त्यही पार्टीका नेताहरूले जान्ने कुरा भयो । माओवादी केन्द्रमा प्रचण्डको एकछत्र राजको त आजसम्म कतैबाट पनि विरोध भएको सुनिएको छैन । त्यसैले पनि यी दलहरूमा विचार निर्माणमा खडेरी पर्न थालेको छ र ठूला भनिँदै आए पनि सही विचार सम्प्रेषण गर्न नसक्दा दलहरू खुम्चिँदै गएका छन् । आफूले विगतमा के गरेको थिएँ, मैले के बोल्न हुन्छ, मैले के गर्न हुन्छ जस्ता कुराहरूमा पनि वास्ता गर्न नसक्ने अवस्थामा नेतृत्वहरू पुगिसकेका त होइनन् भन्ने प्रश्न उठ्न थालेको छ । आफू सत्तामा रहँदा र सत्ताबाहिर रहँदा नेताहरूले बोल्ने गरेका कुरा र गर्ने गरेका कामहरू हेर्ने हो भने कुनै पनि राजनीतिक दललाई विश्वास गर्ने ठाउँ भेटिँदैन । दलको सिद्धान्त र व्यवहारमा कतै तादात्म्य भेटिँदैन । नेताका बोली र व्यवहार नितान्त भिन्न हुने गरेका छन् । प्रधानमन्त्री पदमा बहाल रहुन्जेल आफैंले बोलेका कुरालाई अर्को व्यक्ति प्रधानमन्त्री भएपछि त्यही कुरा बोल्यो भने त्यसैको विरोध गर्ने प्रवृत्ति नेपालका शीर्ष भनिएकै नेताहरूमा पाइन्छ । सत्तामा रहँदासम्म एकखाले चरित्र र सत्ताबाट बाहिरिने बित्तिकै अर्कै प्रवृत्ति प्रदर्शन गर्नु त सामान्य नै भइहाल्यो । सत्तासीन दलले राम्रै गरेको छ भने पनि कतै खोट देखिन्छ कि भनेर नियाली विरोध गर्ने ठाउँ खोज्नु नै प्रतिपक्षी दलहरूको कर्तव्य हो भने झैं देखिन्छ । दशकौं भइसकेकको छ कि नेपाली जनताले प्रत्येक वर्ष सुन्ने गरेको बजेट भाषण सधैं उस्तै जस्तै लाग्दछ । जुन दलको सरकारले बजेट प्रस्तुत गरेको छ उसले न भूतो न भविष्यति भने झैं यही नै मात्रै उत्कृष्ट बजेट हो भनेर दावा गर्दछन् तर विपक्षमा रहेका दल र नेताहरूले भन्ने कुरा पनि सधैं एउटै हुनेगरेको छ, नयाँ बोत्तलमा पुरानो रक्सी । न बजेट नयाँ आएको देखिन्छ न टिप्पणी नै परिवर्तन भएको पाइन्छ । आफ्नो चाहिँ साह्रै राम्रो त्यही कुरा अरूले गर्दा नराम्रो भन्ने गर्दछन् ।

शिक्षा सुधारका उस्तै उपायहरू, स्वास्थ्य क्षेत्र सुधारका मार्गचित्र उस्तै, पूर्वाधार विकासका योजना उस्तै अर्थात् सधैं नै उस्तै बजेट भाषण सुनिन्छ । आजसम्म न कुनै सरकारले नयाँ प्रस्थान बिन्दु तय गर्न सकेको देखिन्छ न नयाँ गन्तव्य नै पहिल्याउन सकेका छन् । तथापि सत्तामा रहेका दलले अब्बल कार्यक्रम भन्ने गर्दछन् भने विपक्षी दलका नेताहरू नजान्ने विद्यार्थीले चिट चोरेजस्तो भन्दै आरोप लगाउँछन् । न कांग्रेसको, न माओवादीको न एमालेको कुनै पनि सरकारले विकास र समृद्धिको गतिमा फड्को मार्न सकेका छन् यद्यपि अर्को दललाई मात्रै दोष लगाउन पछि पर्ने गरेका पनि छैनन् । आजसम्म जति सरकारहरू गठन भए या फेरिए सबै पटकका प्रधानमन्त्रीको पहिलो बोली मेरो पहिलो भ्रमण भारतको हुनेछ भन्ने गरेको सुनिन्छ । निम्तो आए जाने नआए नजाने न हो र पनि निमन्त्रणा पाउनु कता छ कता प्रधानमन्त्रीहरू कुर्लने गर्दछन् । सबैको प्राथमिकतामा भारत भ्रमण भए पनि आफूमात्रै चोखो जस्तो गरी अर्कातिर औंला ठड्याउन पनि कोही पछि परेका देखिँदैनन् । चीन या अरू कुनै देशमा नेपालका प्रधानमन्त्रीले पहिलो पाइला टेक्नुलाई अपराध सरह व्याख्या गर्ने गरेको पाइन्छ । फेरि भारत गएर आजका मितिसम्म कसैले माखो मारेको छैन भन्दा पनि अत्युक्ति हुँदैन । गण्डकीको पानी नेपालीले उपयोग गर्न पाउने अवस्थामा कसले कति सुधार गरे र ? कोशी नदीको पानीले चाहिने बेलामा काम दिने र आवश्यकता भएतिर पर्याप्त उपयोग गर्न पाउने अवस्था छैन तर वर्षामा नेपालको खेतीयोग्य भूभाग जम्मै डुबाउँछ । यसमा भारतका ज्यादतीका बारेमा बोलेर सुधार कुन प्रधानमन्त्रीले ल्याए र ? महाकाली नदीको पानीको बाँडफाँड हेरियो भने पनि कुन नेपालीको मन रुँदैन र ? सुस्ताको सीमा विवाद भर्खरै उदाएको कुरा हो र ? लिपुलेक, कालापानीमा भारतले भर्खरै अतिक्रमण गरेको हो र ? दार्चुलाको सीमा हुँदै भारतले बाटो खनेको एकरातमै हो र ? मेचीदेखि महाकालीसम्मका सीमामा भारततर्फबाट गरिएका अतिक्रमणहरू सबै एउटै प्रधानमन्त्रीका कालमा भएका हुन् र ? नेपाली भूभाग डुबान हुने गरी सीमाक्षेत्रमा भारतले संरचनाहरू निर्माण गर्ने कार्य एकदिनमा सम्पन्न गरेर कसैलाई जानकारीमै नआएको हो र ? यस्ता थुप्रै प्रश्नहरू छन् जसको जवाफ नेपाली जनताले शीर्ष भनिएका नेताहरूसँग खोजिरहेका छन् ।

नेपाली कांग्रेसका शेरबहादुर देउवा, एमालेका केपी ओली र माओवादीका प्रचण्ड पटक-पटक प्रधानमन्त्री बने । शेरबहादुर प्रधानमन्त्री हुँदा यी विषयहरूमा के-के कुरा भए ? केपी ओली प्रधानमन्त्री हुँदा के के कुरा चलाउन समर्थ भए ? प्रचण्ड प्रधानमन्त्री हुँदा के-के उपलब्धि हासिल भयो भन्ने कुरामा सबै नै जानकार छन् । यसअघिका गिरिजाप्रसाद, मनमोहन र किसुनजीहरूका बारेमा अहिले चर्चा गर्नु त्यति सान्दर्भिक देखिँदैन तर यी नेताहरूले एकले अर्कोलाई चोर औंला ठड्याएको भने कत्ति पनि सुहाएको देखिँदैन । आफ्ना पालामा सिन्को नभाँचेका प्रधानमन्त्रीले अर्काका पालामा १५ वटा राँगा ल्याए भनेर व्यंग्य गर्नु त्यत्तिकै हास्यास्पद छ । जुनसुकै प्रधानमन्त्री भारत गए पनि ल्याएको भन्दा दिएर आएकै बढी भएको अनुभव नेपाली जनताले गरेका छन् । भारतबाट आयातीत तरकारीको विषादी परीक्षण गर्ने व्यवस्था लागू गर्न नसक्ने यहीँकै प्रधानमन्त्रीहरू होइनन् र ? यसमा एउटा दलका एउटा प्रधानमन्त्रीमात्रै दोषी छन् र ? त्यसैले लाज पचाएर अरूलाई मात्रै दोष थुपार्न कम्तीमा पनि एकपटक प्रधानमन्त्री भएको व्यक्तिलाई सुहाउला जस्तो लाग्दैन । प्रधानमन्त्री प्रचण्ड भारत गएका बेला त्यहाँका प्रधानमन्त्री, विदेशमन्त्रीहरूसँग कुरा गर्दा परराष्ट्रमन्त्री, अरू मन्त्री र राजदूतसँगै नराखेको कुराले ज्यादै चर्चा पाएको छ । यो सरासर गलत पनि हो र यसमा आमनेपाली नागरिकले प्रश्न गर्नु पर्दछ तर विगतमा यस्तै गरेकै व्यक्तिले चर्को स्वरमा विरोध जनाउँदा भने सामान्य नागरिकलाई पचन गाह्रै हुने रहेछ । भारतीय समकक्षी पनि होइन कि भारतीय गुप्तचर निकायका एक सामान्य कर्मचारीसँग मध्यरातमा भेट गर्दा परराष्ट्र मन्त्रालयको को साक्षी राख्नु भएको थियो भनेर यही प्रश्न सोधे भने के उत्तर दिने हो भनेरसमेत ठूला भनिएका नेताहरू हेक्का राख्न सक्दैनन् । या त मैले गरेको सबै ठीक र अरूले गरेको सबै बेठीक हुनुपर्दछ भन्ने मान्यता नेताहरूले बोक्ने गरेका छन् । समग्रमा भन्नु पर्दा नेपाली नेताहरू डबल स्टाण्डर्डका छन् । कतिपय कुराहरू अञ्जानमा बोल्ने गर्दछन् भने कतिपय कुराहरू जानाजान गल्ती गर्न पनि डराउँदैनन् । नेता हुन लाज पचेकै हुनुपर्दछ भन्ने मान्यता स्थापित गर्न राजनीतिक दलका नेताहरू कस्सिएका छन् भन्ने अनुभूति उनै नेताहरूका क्रियाकलापले गराएका छन् । नेपाली आन्तरिक राजनीतिमा जे जसो गर्ने गरेको भए पनि अन्तर्राष्ट्रिय मामिलामा सबै नेताहरूको एउटै विचार, आवाज र क्रियाकलाप हुनुपर्ने हो तर हुने गरेको छैन । हेरौं, कहिले नेताहरू सुध्रिने हुन् ?

***-इहिमालय टाइम्स डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : शुभ समाचार सुन्न पाइनेछ । मित्रबाट विशेष सहयोग मिल्नेछ । | **तुला** : परिश्रमको प्रतिफल ढिलो प्राप्त हुनेछ । धेरै नै सचेत रहनु होला । |
| **वृष** : जोशजाँगर र हिम्मत बढ्नेछ । दैनिक कार्यहरूमा प्रगति हुनेछ । | **वृश्चिक** : नयाँ स्रोतहरू पत्ता लाग्नेछन्। इच्छा र आकाङ्क्षा पूर्ण हुनेछन् । |
| **मिथुन** : अनावश्यक धन खर्च हुनेछ । काम नबन्नाले दिक्क लाग्ला । | **धनु** : धार्मिक कार्यमा रुचि रहनुका साथै सामाजिक पदप्रतिष्ठा प्राप्त हुने देखिन्छ । |
| **कर्कट** : शुभ समाचार पाइनेछ । मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ । | **मकर** : अकस्मात् धन सम्पत्ति हात पर्नेछ । शुभकार्यको चर्चा चल्नेछ । |
| **सिंह** : कुनै कुराले मनमा शान्ति छाउनेछ । पारिवारिक साथ, सहयोग र समर्थन मिल्नेछ। | **कुम्भ** : प्राविधिक कामबाट भने राम्रो हुनेछ । सत्कर्म गरे फलता मिल्नेछ । |
| **कन्या** : आफन्तसँग भेटघाट हुनेछ । बहुप्रतिक्षित काम प्रारम्भ हुने समय छ । | **मीन** : मित्रबाट विशेष सहयोग मिल्नेछ। आकस्मिक धन लाभ पनि हुनेछ । |

# साहित्य दर्पण

कथा — सुरेश जोशी

## दशौं ग्रह सन्तान

बुद्यौलीले अनुहार चाउरिन थालेको छ । लामो यात्राको थकित पथिक झैं बेला बेलामा आफ्नो नियति सम्झँदै खुइय सुस्केरा हाल्छन् श्यामलाल ! "जीवन केवल वसन्त होइन तुषारे शिशिर पनि हो, फूलको कालिन होइन तर संघर्ष पनि हो" उहिले स्कुले जीवनमा पढेको कुरा सम्झन्छन् उनी । त्यही भएर श्यामलालको मनमा उत्साह घटेको छैन होला । उहिले प्रशस्त उकाली ओराली गरेका खुट्टा बेला बेलामा सर्नै नमाने पनि बिहानदेखि बेलुकीसम्म दौडधुपमै व्यस्त भई जीवनको अन्तिम दिनसम्म पनि संघर्षमयी जीवन बिताउने कुरामा दृढ संकल्पित छन् उनी । मानव जीवन चोला पनि कस्तो अचम्म पहिले जन्मन संघर्ष गर्नु पर्ने आमाको गर्भबाट धर्तीमा पर्दारोपण गर्दा संघर्ष, त्यसपछि खानाको लागि संघर्ष मानौँ संघर्षको अर्को नाम जिन्दगी हो श्यामलाल दार्शनिक पारामा सोचमग्न हुन्छन् । तर त्यो यथार्थ छोरालाई किन सिकाउन सकेन होला किन स्वावलम्बी बन्ने शिक्षा दिलाउन सकेन होला उनी चिन्तित हुन्छन् ।

*मानव जीवन चोला पनि कस्तो अचम्म पहिले जन्मन संघर्ष गर्नु पर्ने आमाको गर्भबाट धर्तीमा पर्दारोपण गर्दा संघर्ष, त्यसपछि खानाको लागि संघर्ष मानौँ संघर्षको अर्को नाम जिन्दगी हो श्यामलाल दार्शनिक पारामा सोचमग्न हुन्छन् । तर त्यो यथार्थ छोरालाई किन सिकाउन सकेन होला किन स्वावलम्बी बन्ने शिक्षा दिलाउन सकेन होला उनी चिन्तित हुन्छन् । "मैले के गरिन र छोरा छोरीलाई गतिलो शिक्षा दिन आफूले नलगाई नखाई पनि छोरोलाई राम्रो स्कुलमा पढाएकै हो तर उसले कामको महत्त्व बुझ्नै सकेन" श्यामलाल जीवन सङ्गिनी निमासँग फतफताए । "हरेक कुराको महत्त्व शून्यबाट हुन्छ शून्य नै प्रगतिको प्रारम्भ हो उन्नतिको प्रस्थान बिन्दु, संघर्षको सुरुवात पनि यही हो । त्यही भएर त होला पश्चिमा दार्शनिक पाइथागोरसले गणित नै सब थोक हो भन्ने कुरा बताएको । तर हाम्रो छोरोलाई एकै चोटि गाडी चाहिने ठुलो व्यापार चाहिने, सानो काम त देख्दै नदेख्ने" उनले थपे । चार चार सन्तान हुर्काउन बढाउन र उचित शिक्षा दिन कम्ती सकस झेलेनन् उनले । "मेरा छोराछोरीले जस्तो अवसर मैले पाएको भए मेरो जीवन भिन्नै हुन्थ्यो होला" श्यामलाल आफ्नो पुरानो स्मृतिमा फर्किए । पहाडको बसाइ निरक्षर टुहुरा "बा" खेतीपातीका लागि पर्याप्त जग्गाजमिन थिएन । अर्काको अधिया बनाएर परिवार पाल्नु पर्ने बाध्यता, बिहान खेत जोतेर दुई घण्टाको उकाली चढेर विद्यालयको आँगन टेक्नु पर्ने विवशताका बिच बेलुका विद्यालयबाट घर फर्किंदा भोकले आकुल व्याकुल हुनुपथ्यो ।*


"मैले के गरिन र छोरा छोरीलाई गतिलो शिक्षा दिन आफूले नलगाई नखाई पनि छोरोलाई राम्रो स्कुलमा पढाएकै हो तर उसले कामको महत्त्व बुझ्नै सकेन" श्यामलाल जीवन सङ्गिनी निमासँग फतफताए । "हरेक कुराको महत्त्व शून्यबाट हुन्छ शून्य नै प्रगतिको प्रारम्भ हो उन्नतिको प्रस्थान बिन्दु, संघर्षको सुरुवात पनि यही हो । त्यही भएर त होला पश्चिमा दार्शनिक पाइथागोरसले गणित नै सब थोक हो भन्ने कुरा बताएको । तर हाम्रो छोरोलाई एकै चोटि गाडी चाहिने ठुलो व्यापार चाहिने, सानो काम त देख्दै नदेख्ने" उनले थपे । चार चार सन्तान हुर्काउन बढाउन र उचित शिक्षा दिन कम्ती सकस झेलेनन् उनले । "मेरा छोराछोरीले जस्तो अवसर मैले पाएको भए मेरो जीवन भिन्नै हुन्थ्यो होला" श्यामलाल आफ्नो पुरानो स्मृतिमा फर्किए । पहाडको बसाइ निरक्षर टुहुरा "बा" खेतीपातीका लागि पर्याप्त जग्गाजमिन थिएन । अर्काको अधिया बनाएर परिवार पाल्नु पर्ने बाध्यता, बिहान खेत जोतेर दुई घण्टाको उकाली चढेर विद्यालयको आँगन टेक्नु पर्ने विवशताका बिच बेलुका विद्यालयबाट घर फर्किंदा भोकले आकुल व्याकुल हुनुपथ्यो । घरमा पुगेर आमाले राखिदिएको चिसो भात खाई पुनः खेतमा पानी लगाउन कुदिहाल्नु पथ्यो । यसरी नै संघर्ष गरी हाइस्कुलको शिक्षा पूरा गरेको थिएँ मैले । त्यसपछि कलेज पढ्न पनि कम्ती संघर्ष गरेको थिइन मैले । गाउँका साहुसँग पन्ध्र सय कर्जा लिएर चार दिन लगाएर राजधानी काठमाडौँ पुगेको थिएँ सुदूरको गाउँबाट । "पन्ध्र सयले छ महिना त धान्यो पुनः मेरा संघर्षका दिन सुरु भए बिरानो सहर सहयोगी हात कोही थिएनन् । कैयौं रात रायोको सागमा झोल हालेर पनि खाइयो अनि राजधानीकै एक स्कुलमा पढाउँदै स्नातकोत्तरसम्म अध्ययन गरेँ । श्यामलालले आफ्नो संघर्षको कथा सम्झिए । स्नातकोत्तर अध्ययन पश्चात् गाउँमै शिक्षण थालेको मैले, मेरो जिन्दगीको शब्दकोशमा आराम विश्राम भन्ने शब्दावली नै थिएन । एक्लैको कमाइले चार चार छोरा छोरी र परिवारको भरण पोषण तथा शिक्षा जुटाउन कम्ती सकसपूर्ण थिएन तर जे भए पनि म सफल भएँ छोरा छोरीलाई राम्रै शिक्षा दिलाएँ । "के साँच्चै मेरो प्रारब्ध नै त्यस्तै थियो कि जसले गर्दा मैले संघर्षमय जीवनबाट कहिले विश्राम पाएन । त्यति विधि दुख गरेर हुर्काएका छोराछोरी बेरोजगार छन् । अझै पनि दिनभर काम नगर्दा चुलोमा आगो बल्दैन । यी लक्का जवान छोराछोरी पनि के खालका बुवाको दुःख बुझ्न नै नसक्ने" । उनी फतफताइरहे ।

आफ्नो जीवनको सारा कमाइ शिक्षामा लगाएका श्यामलाल कुनै बेला त देशको शिक्षा प्रणालीलाई नै दोष करार गर्छन् । किन हाम्रो शिक्षा प्रणालीलाई सीपसँग जोड्न नसकेको होला ? किन सिपलाई श्रमसँग र श्रमलाई रोजगारीसँग नजोडिएको होला ? एउटा न्यून मध्यम वर्गीय परिवार जसले आफ्नो सम्पूर्ण श्रीसम्पत्ति सन्तानको शिक्षामा भिक्षावर गर्दिन्छन् तर त्यसको उत्पादन अनुत्पादक हुँदा त्यो परिवारको कस्तो हविगत हुन्छ होला उनी नीतिकर्तासँग प्रश्न तेर्साउन पुग्छन् । अनि राज्य संयन्त्रले आवश्यक जनशक्तिको माग प्रक्षेपण गरी सोहीअनुसारको शिक्षा प्रणाली अवलम्बन नगर्दाको परिणाम हो भनी ठान्दछन् वर्तमान बेरोजगारी । सामाजिक व्यवहार हेरेर बनाइएका उखान पनि आफ्नो जीवनमा कति मिलेका श्यामलाल गम्न थाल्छन् "बाह्र छोरा तेह्र नाति बुढाको काम्लो काँधै माथि" । यो सांसारिक माया पनि विचित्रको हुँदो रहेछ छोराछोरीको चिन्ताले कहिले नछोड्ने पहिले पाउनुको चिन्ता अनि हुर्काउन र पढाउन त्यसपछि बिहे अनि तीनको सुखमय जीवनको । त्यसैले त होला मनुष्यको दशौँ गृह सन्तान भनिएको अन्य सबै गृहहरू जन्म कुण्डलीमा राम्रा हुँदा पनि दशौँ गृह बिग्रिए जीवन नै तहसनहस हुने र जहिले पनि तिनकै चिन्ताले सताइरहने । यति खेर भने श्यामलालको अनुहारमा हल्का मुस्कान देखियो । हिन्दु धर्ममा मनुष्य चोलालाई चार भागमा बाँडिएको छ ब्रह्मचर्य, गृहस्थ, वानप्रस्थ तथा संन्यास । मानिसको आयुलाई सय वर्ष मानेर प्रत्येक आश्रम पच्चिस वर्षको मानिएको छ जसअनुसार उमेरले करिब चार बिसको नजिक रहेका श्यामलालको संन्यास आश्रमको बेला भैसकेको छ । मोक्ष प्राप्तिका लागि साधना गर्नु पर्ने बेलामा घर परिवारको चिन्ताबाट मुक्त भई ईश्वरको आराधनामा लिन हुनुपर्ने बेलामा म कहाँ फस्दै छु धार्मिक कुरा सम्झेर श्यामलाल मन कुँडाउँछन् । तर भोलि यिनीहरू के गर्लान् लगत्तै उनी आफ्ना सन्तान सम्झन पुग्छन् अनि यिनीहरूको व्यवस्था मिलाएर मात्र आँखा चिम्लिने प्रण लिन्छन् ।

-साहित्यपोष्ट डटकम

उपन्यास — श्रीबाबु कार्की

## स्वादिलो कथामा खँदिलो उपन्यास 'समभोक'




'भोक जन्मियो । आवाज छ । अनुहार छैन ।' पहिलो हरफले नै तान्यो । समभोक पढ्न थालें । तान्दै गयो । पढ्दै जाँदा यस्ता कैयौं हरफ भेटें अण्डरलाइन गर्दै गएँ । भेटें 'भोक मान्छेको योग्यता हो । भोक मान्छेको बौद्धिकता हो । बौद्धिक सम्पत्ति हो ।' म आख्यान पढ्न मन पराउँछु । आख्यान पढ्नु जत्तिको मीठो स्वाद सायद अन्य आख्यानेतर विधामा पाउन सकिन्न । साहित्यका हरेक विधाको आ-आफ्नो स्वाद र विशिष्टता हुन्छ । आख्यानको विशिष्टता पनि यही हो । यस्तो लाग्छ, लेखक पूर्णरूपमा अराजक हुन पाउने विधा आख्यान हो । जब लेखक ( पात्रका मस्तिष्कमा प्रवेश गरेर) पूर्णरूपमा अराजक हुन पाउँछ त्यतिबेला समाजको वास्तविक तस्वीर छर्लङ्गसँग आउँछ । लेखक र चिन्तक शिव प्रकाश समभोकमा पूर्णतः लेखकीय अराजक बन्दा नेपाल र अमेरिकाको भावभूमिमा केन्द्रित उपन्यास 'समभोक' छोटो समयमै परिचर्चाको केन्द्र बन्न पुगेको छ ।

**केही दिनअघि उनको उपन्यास समभोक विमोचनको निमन्त्रणा प्राप्त भयो । म निम्तो मान्न प्रज्ञा प्रतिष्ठानको डबलीमा पुगे । कार्यक्रमपछि मैले पनि समभोक खरिद गरें । पुस्तक घरमा ल्याएर पढ्न बसें । हरेक शीर्षकले मन तान्दै गयो । समभोक उपन्यास साहित्यिक बजारमा संख्यात्मक देखिने उपन्यासभन्दा निक्कै उम्दा लाग्यो । उपन्यासमा म मज्जाले तानिएँ । यो उपन्यास र मलाई जोड्ने रसायन भोक, भोग र समभोक मात्रै नभएर यसको दर्शन पनि हो । भाषाको पकड बेजोड छ । पात्रहरू निर्धक्कसँग आफ्नो भूमिकामा निर्बन्द छन् ।**

शिव प्रकाश मूलतः कथाकार हुन् । यसअघि उनले 'जैमली' र 'घागी' कथासंग्रह प्रकाशन गरिसकेका छन् भने दुई हास्यव्यंग्य कवितासंग्रह 'जय नेताजी' र 'गोलमाल' समेत प्रकाशित भइसकेका छन् । 'समभोक' उनको सिर्जनात्मक हिसाबले पाँचौं कृति र पहिलो उपन्यास हो । केही दिनअघि उनको उपन्यास समभोक विमोचनको निमन्त्रणा प्राप्त भयो । म निम्तो मान्न प्रज्ञा प्रतिष्ठानको डबलीमा पुगें । कार्यक्रमपछि मैले पनि समभोक खरिद गरें । पुस्तक घरमा ल्याएर पढ्न बसें । हरेक शीर्षकले मन तान्दै गयो । समभोक उपन्यास साहित्यिक बजारमा संख्यात्मक देखिने उपन्यासभन्दा निक्कै उम्दा लाग्यो । उपन्यासमा म मज्जाले तानिएँ । यो उपन्यास र मलाई जोड्ने रसायन भोक, भोग र समभोक मात्रै नभएर यसको दर्शन पनि हो । भाषाको पकड बेजोड छ । पात्रहरू निर्धक्कसँग आफ्नो भूमिकामा निर्बन्द छन् । यसर्थ लेखन तिक्खर छ । मानिसका अनेकौं 'भोक'सँग गहिरिनुपर्छ । 'भोग'सँगै तैरिनुपर्छ । 'सम्भोग'सँगै बगिरहनुपर्छ । यसर्थ यो उपन्यास भोक, भोग र सम्भोगको त्रिवेणी भएर बगेको छ भन्दा अत्युक्ति हुँदैन । यो उपन्यासको मूल विषय आप्रवासीहरूको भोकसँग सम्बन्धित छ । झट्ट हेर्दा यो अमेरिकामा रहेका नेपाली आप्रवासीहरूको कथामा आधारित रहेकोजस्तो देखिए पनि यो वर्तमान वैश्विक आम आप्रवासीहरूको साझा मनोवृत्ति हो । साझा समस्या हो र साझा भोकको कोलाज हो ।

यो भोकका विभिन्न चरण, चर्तीकला र चरित्रको मनोदशा नै (समभोक उपन्यासको पृष्ठभूमि देखिएको छ । समभोकको मूल कथा विश्वको शक्तिशाली देश अमेरिकाको बोस्टनमा केन्द्रित रहेको छ । नेपाली पात्र ईशू अमेरिका पुग्छ । उसले श्रीमती सिन्धुकासहित सम्पूर्ण परिवारलाई नेपालमै छोड्नुपर्ने बाध्यता छ । अमेरिका पुगेर ईशूले चाहेर नचाहेर निक्कै पात्रहरूसँग जोडिनुपर्छ । जीवनको ठूलो भोकसँग लतारिनुपर्छ । सँगै आउने भोग र सम्भोगसँग जोडिनुपर्छ । ईशूको त्यो जैविक आवश्यकता पनि हो । उपन्यास तीन पोयाले कसिलोसँग निर्माण भएको देखिन्छ । ती तीन भोक, भोग र सम्भोग नै हुन् । यी तीनै पोयाले बाटिएको आप्रवासीहरूको कथा खिरिलो मात्रै छैन विषय सन्दर्भले निक्कै बलियो पनि छ । भोकको केन्द्रमा सुवी देखिएकी छन् भने भोगमा मुग्धा र सम्भोगमा सिन्धुका देखिएकी छन् । उनीहरूको विभिन्न मोडमा देखिने केन्द्रीय पात्र ईशूका अनेकौं अन्तरंगहरूले उपन्यासको कथा अगाडि बढेको छ । उपन्यासमा फूलकुमार, अँणबादुर ञमराज सुन्दास (मोते), किस्नमायाजस्ता सहायक पात्रहरूको पनि आफ्नै भोक, भोग र सम्भोगका कथा छन् । जो रोचक छन् तर ती उपन्यासको केन्द्रीय परिधिभित्र प्रविष्ट छैनन् ।

उनीहरूको कथा पनि पाठकीय दृष्टिकोणमा रमाइला र सुन्दर लाग्छन् । यस्तो लाग्छ उहाँले शब्द-शब्द तौलिएर लेखिएको उपन्यास हो समभोक । लेखकसँग लेखकीय आत्मश्लाघा पटक्कै छैन । पात्रहरू निर्वाध छन् । निर्बन्द छन् । यो उपन्यास मात्रै नभएर अप्रतिम दर्शन पनि हो । उनका कतिपय वाक्यहरूको भाष्य निक्कै गहिरो हुन्छन् । 'भित्रभित्रै अनेक पीडा सहेर पनि मान्छेभित्र भोक सधैं बाँचेको छ । भोकको सीमा छैन । भोकको आयु हुँदैन । जहाँ सीमा र आयु हुँदैन, त्यो अनन्त हुन्छ ।' 'आहा, मान्छेभन्दा जनावर कति स्वतन्त्र, कति खुसी, कति सुखी । यी जनावर पेटका भोका होलान् तर मनका भोका छैनन् ।' 'मृत्युको अर्थ सास जानु मात्रै होइन, साहस जानु पनि हो ।' 'भोक सर्वव्यापी छ । भोक सर्वशक्तिमान छ । भोक सर्वोपरि छ ।' 'भोकले साइनो बदल्छ । भोकले सम्बन्ध बदल्छ । भोकले नाम बदल्छ । भोकले काम बदल्छ । भोकले मान्छे बदल्छ । भोकले संसार बदल्छ ।' यो उपन्यासका हरेक पन्नाहरूले । जीवनदर्शन बोलिरहेका छन् । दार्शनिक निबन्धको छाँटछन्द र तिक्खर स्वाद पनि पाइन्छ । हरेक वाक्यका अनेकौं अर्थहरू फोर्नुको मज्जा छ । शब्दको मूर्त-अमूर्त अर्थहरू बुझ्नुपर्ने हुन्छ । कतिपय लाइनमा आउने शब्दशक्तिलाई बुझ्न परिवेशको गहिरो आँकलन गर्नुपर्ने हुन्छ ।

समभोक नितान्त नयाँ विषय र फरक शैलीबाट आख्यानीकरण गरिएको पृथक स्वादको उपन्यास हो भन्ने कुरा ढुक्कसँग भन्न सकिन्छ । साहित्यको केन्द्रीय मर्म नै हरेक घटना र सन्दर्भलाई पृथक कोणबाट हेर्न सक्नु र लेख्न सक्नु हो । यसको लेखनमा मज्जाले आश्वास्वादन गर्न सकिन्छ । औपन्यासिक शिल्पका दृष्टिले उपन्यासमा सामान्यतया मूल कथा र सहायक कथा हुन्छन् । उपन्यासमा सहायक कथा पनि मूल कथासँगै अन्वित भएर आउँछन् । तर समभोक उपन्यासमा सहायक कथा न्यून छन् । यो समग्रमा मूल विषयमै फन्को मारिरहन्छ । नेपाली उपन्यासमा यो एक विशिष्ट प्रयोगशील उपन्यास हो भन्ने लाग्छ । उपन्यासमा हरेक पात्रहरूको बिम्बात्मक प्रस्तुति देखिन्छ । यसर्थ यो उपन्यास पढ्दा कहीं कतै 'बोर' हुँदैन । हरेक पन्नामा प्रयोग भएको दर्शन, अलंकार र शब्दशिल्पले पाठक कहींकतै कतै निराश हुनुपर्ने छैन । यौनको मनोवैज्ञानिक रसायनले पाठकलाई मज्जाले जोडन सक्नु आख्यानकार शिव प्रकाशको बलियो सौन्दर्य हो । 'यौन केही होइन, तर सबैथोक हो' भन्ने पुष्टिको यथार्थ दृष्टान्त हो समभोक उपन्यास । यो जीवन, दर्शन र जन्मको अदृश्य शक्ति वा प्यास समभोक मात्रै नभएर सम्भोग पनि हो भन्ने खँदिलो प्रमाण हो ।

-अनलाइन खबर डटकम


# गुल्मीमा काँग्रेसलाई बलियो बनाउन प्रतिनिधिलाई प्रशिक्षण




**गुल्मी,** जेठ २६/नेपाली काँग्रेस गुल्मीले पार्टी संगठनलाई बलियो बनाउन स्थानीयस्तरका पार्टी प्रतिनिधिलाई प्रशिक्षण दिएको छ । काँग्रेसले पार्टीका भातृ संगठन, शुभेच्छुक संस्था, स्थानीय, वडातहमा रहेका पार्टी प्रतिनिधिहरुलाई शुक्रबारदेखि दुई दिने प्रशिक्षण सञ्चालन गरेको हो ।

नेपाली काँग्रेस प्रशिक्षण शाखा गुल्मीको आयोजनामा प्रशिक्षण सञ्चालन गरिएको प्रशिक्षण शाखा प्रमुख अनन्तराम पौड्यालले जानकारी दिए । बदलिदो परिस्थिति अनुसार पार्टीलाई आमनागरिक समक्ष प्रस्तुत गर्न नेता तथा कार्यकर्तालाई प्रशिक्षणको आवश्यकता रहेको उल्लेख गर्दै पौड्यालले पार्टीलाई रुपान्तरण र नयाँ चुनौतीको सामना गर्न प्रशिक्षण सञ्चालन गरिएको बताए । वडा तहदेखि नै पार्टीलाई बलियो बनाएर लैजान प्रशिक्षणले महत्वपूर्ण टेवा पुग्ने पार्टी सभापति खिलध्वज पन्थीले विश्वास व्यक्त गरे । उनले भने 'पार्टी संगठनलाई चलायमान र सशक्त क्रियाशील बनाउनु अहिलेको आवश्यकता हो, त्यो आवश्यकतालाई महसुस गरी प्रशिक्षण कार्यक्रमलाई प्राथमिकताका साथ काँग्रेसले अगाडि बढाई रहेको छ ।' पार्टीको वैचारिक रुपमा नेता तथा कार्यकर्तालाई बलियो बनाउन सकियो भने पार्टी बलियो हुने सभापति पन्थीले बताए । उनले भने 'पार्टीलाई बलियो बनाउन सबै एकताबद्ध भएर लाग्न जरुरी छ ।' पार्टीको सुन्दर भविष्यका लागि सबै एकजुट भई लाग्न पनि उनले नेता कार्यकर्तालाई आग्रह गरे । पार्टीलाई टोलदेखि नै संगठित गराउँदै बेला बेलामा प्रशिक्षण कार्यक्रम गरिदै आइएको पार्टी सचिव जगदीश भट्टराईले बताए । उनले भने,'टोलदेखि नै पार्टीलाई संगठित गरी संगठन बलियो बनाउन तालिम, प्रशिक्षण जस्ता गतिविधिलाई उत्साजनक रुपमा अगाडि बढाएका छौं ।' क्षेत्रीय सभापति पारिश्वर ढकालले प्रशिक्षणबाट सिकेका कुराहरु आमनागरिक माझ लैजान आग्रह गरे । प्रशिक्षणले नेता तथा कार्यकर्तामा आचार र व्यवहारमा राम्रो बनाउन सहयोग गर्ने उनले बताए । प्रशिक्षार्थीलाई संगठन सञ्चार, नेपाली काँग्रेसको सिद्धान्त र आदर्श, नेपाली काँग्रेस हिजो र आज, युवा र काँग्रेस अनि परिवार, उद्घोषण र प्रस्तुति, योजना निर्माण र जनअपेक्षाका आधार लगायतका विषयमा प्रशिक्षण दिइएको छ । प्रशिक्षणमा स्थानीय तह, काँग्रेसको जिल्ला प्रशिक्षण शाखा, भातृ तथा शुभेच्छुक संगठनका प्रतिनिधिहरुको सहभागीता रहेको नेपाल शिक्षक संघ लुम्बिनी प्रदेशका उपमहासचिव बमबहादुर रानाले जानकारी दिए ।

# रामपुरमा पानी नपरेपछि सामूहिक पूजा



**रामपुर,** जेठ २६/लामो समयसम्म पानी नपरेपछि पाल्पाको रामपुरका स्थानीयले सामूहिक पूजा गरेका छन् । पानी नपरेर खेतबारीमा लगाएका तरकारी बाली, अन्नबाली तथा फलफूल सुक्न थालेपछि भगवान् इन्द्रको पूजा गरिएको हो ।

रामपुर नगरपालिका–६ गैटारस्थित अकला कालिका दुर्गा मन्दिरमा सामूहिकरूपमा रुद्री लगाएर भगवान् इन्द्रको पूजा गरी स्थानीयवासीले पानी मागेका हुन् । मन्दिर पूजाआजा गरी नजिकै रहेको कालीगण्डकी नदी परेवाघाट किनारमा पुगेर स्थानीयले पानी मागेको अकला कालिका मन्दिर व्यवस्थापन समिति अध्यक्ष कृष्णप्रसाद अर्यालले जानकारी दिए । भगवान् इन्द्रको पूजा गरी पानी मागेमा पानी पर्ने जनविश्वास छ । यहाँका करिब तीन सयभन्दा बढी स्थानीयको सहभागितामा पञ्चेबाजासहित नदी किनारमा पुगेर उनीहरुले पानी छ्यापाछ्याप गरी भगवान् इन्द्रसँग पानी माग्न पूजा गरेका थिए । खडेरीले खेतबारीमा लगाएका बालीनाली सुक्न थालेपछि स्थानीयले भगवानको प्रार्थना गर्दै पानी माग्न थालेका छन् । विगतदेखि नै पानी नपर्दा रुद्री लगाउने, इन्द्रको पूजा गर्ने गरिरहेको र पूजा गरेपछि पानी पर्ने गरेको स्थानीय ८४ वर्षीय लोकनाथ खनाल बताए ।

**–रासस**

# कृषि र रोजगारलाई...

त्यस्तै प्रदेश सरकारले प्रदेश गौरवको आयोजना पाल्पाको रामपुरदेखि रोल्पाको जिनाबाङ्ग लगायत २० वटा अन्य प्रदेशस्तरका राजमार्ग निर्माण एवं स्तरोन्नति कार्यलाई पनि प्राथमिकतामा राखेको छ । अघिल्लो सरकारले पनि रामपुरदेखि रोल्पाको सडकलाई प्राथमिकतामा राखेको थियो । सरकारले उज्यालो लुम्बिनी प्रदेश बनाउन विद्युतको स्तरोन्नति गर्ने, दुर्गममा वैकल्पिक उर्जाको नीति लिएको छ । विद्युतीय उर्जा खपत बढाउदै विद्युतीय सवारी साधनको प्रयोगमा प्रोत्साहन गर्दै १२ वटै जिल्लामा चार्जिङ स्टेशन बनाउने नीति पनि प्रदेश सरकारले अवलम्वन गरेको छ । आगामी वर्षको नीति कार्यक्रममा अहिलेसम्मका सरकारले ल्याएका राम्रा, उपयोगी र जनतामा उपलब्धिमूलक बनेका कार्यक्रमलाई निरन्तरता दिएको छ । पहाडी जिल्लाको बढ्दो बसाईसराई रोक्न 'एक जिल्ला : एक नमुना बस्ती' नारा पनि सरकारले अघि सारेको छ । मुटुको भल्व प्रत्यारोपण, मृगौला प्रत्यारोपण र क्यान्सर रोगको उपचारमा प्रतिव्यक्ति २ लाख रुपैयाँ दिने सरकारको निर्णयलाई अहिले पनि निरन्तरता दिएको छ ।

## खेलकुद समाचार

# अभ्यास खेलमा नेपाल पराजित



**काठमाडौं,** जेठ २६/आईसीसी विश्वकप छनोटअघि अन्तिम तयारीका लागि दक्षिण अफ्रिकामा रहेको नेपाली पुरुष क्रिकेट टिम पहिलो अभ्यास खेलमा स्कटल्याण्डसँग ७ विकेटले पराजित भएको छ ।

नेपालले दिएको १३६ रनको लक्ष्य स्कटल्याण्डले २९ ओभर खेल्दै ३ विकेट गुमाएर पूरा गऱ्यो । स्कटल्याण्डका लागि ब्रान्डेन म्याकमुलेनले अविजित रहँदै सर्वाधिक ४९ रन बनाए । यस्तै कप्तान रिची बेरिङगटनले अविजित ४३ रन जोडे । ३५ रनमै ३ विकेट गुमाएको अवस्थामा यो जोडीले शतकिय साझेदारी गर्दै स्कटल्याण्डलाई जिताए ।

नेपालका लागि गुल्सन झाले २ तथा सोमपाल कामीले १ विकेट लिए । टस हारेर पहिले ब्याटिङ गरेको नेपाल २८.५ ओभरमै १३५ रनमा अलआउट भयो । नेपालका लागि कुशल मल्लले सर्वाधिक ३७ रन बनाए । आसिफ शेखले २८, कुशल भुर्तेलले १६ र दीपेन्द्र सिंह ऐरीले १३ रन बनाए । बाँकी खेलाडीले दोहोरो अंकमा रन जोड्न सकेनन् । स्कटल्याण्डका जोल जर्भिस र ब्रान्डन म्याकमुलेनले ३–३ तथा सफ्यान सारिफले २ विकेट लिए । नेपाली टोलीले दोस्रो अभ्यास खेल आज (शनिबार) नेदरल्यान्ड्ससँग खेल्नेछ ।


**वर्गिकृत डिस्प्ले**

**१ X ५ साइजमा मात्र**

**वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।**

सम्पर्क: ०७५–५२०६०१


## कर्पोरेट/अर्थ समाचार

# ग्लोबल बैंक इन्फोसिस फिनाकल इनोभेसन अवार्डबाट सम्मानित




**पाल्पा,** जेठ २६/ग्लोबल आइएमई बैंक लिमिडेट इन्फोसिस फिनाकल इनोभेसन अवार्ड २०२३ बाट सम्मानित भएको छ । फिनाकल १० कोर बैंकिङ्गको कार्यान्वयन पश्चात् बैंकले ग्राहक केन्द्रित सेवाहरुमा नवीनतम सोचका साथ उत्कृष्ट प्राविधिक रूपान्तरण (डिजिटल ट्रान्सफरमेसन) गरेकोमा ट्रान्सफरमेसन एक्सिलेन्स विधा अन्तर्गत सर्वोत्कृष्ट घोषित गरिएको हो ।

इन्फोसिस फिनाकल इनोभेसन अवार्ड बैंकिङ्ग टेक्नोलोजी क्षेत्रको एक प्रतिष्ठित अन्तर्राष्ट्रिय पुरस्कार भएको बताइएको छ । नवीनतम ग्राहक केन्द्रित आविष्कारहरूको सर्जक बैंकहरुलाई प्राविधिक रूपान्तरण, यसको सही प्रयोग तथा टेक्नोलोजिमा सृजनशिलता जस्ता बुँदाहरुलाई आधार मानेर यो अवार्ड प्रदान गर्ने गरिएको छ । ग्लोबल आइएमई बैंक डिजिटल टान्सफरमेसन, टेक्नोलोजिमा नवीनता एवम् उत्कृष्टता र यसको सही सदुपयोग गर्दै उत्तरदायी तथा सुरक्षित बैंकिङ्ग मार्फत सेवा प्रवाह गर्ने उत्कृष्ट बैंक भएकाले यो अवार्ड प्रदान गरिएको हो । ग्लोबल आइएमई बैंक मुलुकका ७७ जिल्लामा शाखा सञ्जाल रहेको निजी क्षेत्रको पहिलो वाणिज्य बैंक हो ।


**गर्मी एवं बर्षातको समयमा लामखुट्टेबाट सर्ने रोगबाट बचौं ।**

**औलो (मलेरिया), डेंगी ज्वरो, कालाजार, जापानिज इन्सेफलाइटिस जस्ता संक्रामक रोग लामखुट्टेको टोकाईबाट हुने गर्दछ ।**

यसबाट बच्न,
- झुल लगाएर सुत्ने,
- पूरा शरीर ढाक्ने गरी लुगा लगाउने,
- शरीरका खुल्ला अंगमा लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाउने,
- घरको झ्याल तथा ढोकामा जाली राख्ने,
- घर वरिपरि, बगैचा र सार्वजनिक स्थानमा पानी जम्न नदिने र खाल्डाखुल्डी पुर्ने,
- ढल, नाला खुल्ला नराख्ने,
- पोखरी, दह तथा नालाहरुमा लामखुट्टेको लार्भा खाने माछा पाल्ने,
- सुंगुर, बंगुर, हाँस घोडाजस्ता पशुपन्छीहरु व्यवस्थित ढंगले पाल्ने,
- मानिस बस्ने घरभन्दा पशुपन्छीको खोर टाढा राख्ने ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**



**हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।**



जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com
डिजिटल पत्रिका




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ०५१/०५२,पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई